# पोखरा विश्वविद्यालय

लेखनाथ, कास्की


चलानी नं.: ०६९/०६२

मिति : २०७२ बैशाख १३ गते

## विज्ञप्ति

मिति २०७२ साल बैशाख १२ गते मध्यान्ह ११ बजेर ५६ मिनेटमा गएको ७ दशमलव ६ रेक्टर स्केलको ठूलो भुकम्पले देशका अधिकांश भागमा र विशेष गरेर २० जिल्लामा पुऱ्याएको अकल्पनिय धनजनको ठूलो क्षतिले विश्वविद्यालय स्तब्ध भएको छ । प्राकृतिक महाविपतिबाट अहिले देश र सम्पूर्ण देशवासीहरु ठूलो दुःख र पिंडामा छटपटिरहेको यस दुःखद घडीमा सबैले धैर्यधारण कायम राखी भुकम्पबाट सुरक्षित रहने उपायहरुको अनुसरण गरी आफू सुरक्षित रहदै अरुलाई पनि सुरक्षित रहने काममा सहयोग पुऱ्याउन र विपतमा परेकाहरुलाई मानविय हृदयबाट सहयोग गर्न हाम्रा सबै पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीहरुलाई विश्वविद्यालय अनुरोध गर्दछ ।

महाविपतबाट देश आक्रन्त बनिरहेको यस दुःखद घडीमा धैर्यधारण गरी विपदमा परेकाहरुलाई विशेष सहयोग गर्न नेपाल सरकारले ५ दिनसम्म सम्पूर्ण शिक्षण संस्थाहरु बन्द राख्न गरेको अनुरोधलाई विश्वविद्यालयले सकारात्मक रुपमा ग्रहण गर्दै विश्वविद्यालयले मिति २०७२ जेठ ०३ गते सम्पन्न गर्न गइरहेको बाह्रौं दिक्षान्त समारोह अन्तर्गतका पूर्व तयारीका सम्पूर्ण कामकार्वाहीहरु गर्न बाँकीनै भएकोले विश्वविद्यालयको आंगिक स्कूलहरुबाट सञ्चालन हुने सम्पूर्ण पठनपाठनका कार्यहरुलाई हाल स्थगित गर्दै प्रशासनिक रुपमा सम्पन्न हुने कामकार्वाहीहरु यथावत रुपमा सञ्चालन रहने कुरा सम्बन्धित सबैकोलागि जानकारी गराइन्छ ।

अन्तमा, हिजो आएको महाप्रलयकारी भुकम्पले जीवनलिला समाप्त गरेका ती सम्पूर्ण मृतआत्माहरुको चिरशान्तीको कामना गर्दछौं । साथै शोकसन्तप्त परिवारहरुलाई ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरोस भन्ने कामना पनि गर्दछौं ।

**आज्ञाले,**

रोशन पाण्डे
का.मु.उप-प्रशासक